# नेपालमा युवाहरुमाझ परिवार नियोजन/ गर्भनिरोधकको प्रयोगमा निरन्तरता नहुनु बारे



USAID FROM THE AMERICAN PEOPLE · Visible Impact · PACE Policy Advocacy Communication Enhanced · PRB

### गर्भनिरोधकको प्रयोगलाई निरन्तरता नदिनु (Contraceptive Discontinuation) भनेको के हो ?

गर्भनिरोधकको प्रयोगलाई निरन्तरता नदिनु भनेको गर्भनिरोधक साधनको प्रयोग सुरु गरिसकेपछि अनिच्छित गर्भधारणको जोखिममै हुँदा कुनै कारणवश उक्त साधन प्रयोग गर्न छाड्नु हो ।

### गर्भनिरोधकको प्रयोग किन महत्त्वपूर्ण छ ?

गर्भनिरोधकको प्रयोगले व्यक्ति तथा दम्पतिलाई उनीहरूको प्रजनन आवश्यकता पूरा गर्न साथै मातृ, नवजात र बाल स्वास्थ्य सुधार गर्न मद्धत गर्दछ ।

### गर्भनिरोधकको प्रयोग युवा र वृद्ध महिलाहरुमा कसरी फरक छ ?

- गर्भनिरोधक प्रयोग निरन्तर नगर्नेको दर (Contraceptive Discontinuation Rate) वृद्ध महिलाहरूको तुलनामा १५-२४ बर्षका युवाहरूमा उच्च छ ।
- गर्भनिरोधकको प्रयोगमा उचित विधिको छनोट गर्न नसक्नाले युवा महिलाहरू गर्भवती हुने सम्भावना बढी हुन्छ ।
- युवाहरूले परिवार नियोजनका साधन निजी र अनौपचारिक स्रोतहरू जस्तै फार्मेसी र औषधी पसलहरुबाट प्रयोग गर्ने सम्भावना बढी हुन्छ ।

### प्रदेश स्तरमा गर्भनिरोधक प्रयोग निरन्तर नगर्नेको दर (Contraceptive Discontinuation Rate)

| | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ |
|---|---|---|
| प्रदेश १ | ३८% | ४०% |
| मधेश प्रदेश | ४७% | ४७% |
| बागमती प्रदेश | ३२% | ३७% |
| गण्डकी प्रदेश | ३६% | ३४% |
| लुम्बिनी प्रदेश | ३०% | ३४% |
| कर्णाली प्रदेश | ४८% | ४८% |
| सुदुरपश्चिम प्रदेश | ६१% | ६७% |
| राष्ट्रिय तथ्याङ्क | ३९% | ४२% |

*नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार १५ देखि १९ वर्ष उमेर समुहका विवाहित किशोरीहरूमा परिवार नियोजनको अपूर्ण आवश्यकता ३५% रहेको छ। सर्वेक्षणले गत ५ वर्षमा गर्भनिरोधक प्रयोग गर्न थालेका १५-४९ वर्ष उमेर समूहका प्रत्येक ५ महिलामध्ये ३ जनाले १२ महिना भित्र नै उक्त विधि प्रयोग गर्न बन्द गरेको देखाएको छ भने गर्भनिरोधक प्रयोग निरन्तर नगर्नेको दर (Contraceptive Discontinuation Rate) यसप्रकार छ - पिल्स (७४%), पुरुष कण्डम (६९%), विथड्रवल (६३%), र इंजेक्शन (५८%) र इम्प्लाण्ट (८%)।*



## युवाहरूले गर्भनिरोधक प्रयोगलाई निरन्तरता नदिनुका कारण :

### प्रजनन आवश्यकताहरूमा परिवर्तन

- अविवाहित युवाहरूले अनियमित यौन क्रियाकलापका कारण गर्भनिरोधकको प्रयोग बन्द गर्ने सम्भावना बढी हुन्छ ।
- विवाहित युवाहरूको विवाह लगतै गर्भधारण गर्ने चाहनाले गर्भनिरोधकको प्रयोग बन्द गर्ने सम्भावना हुन्छ ।

### गर्भनिरोधक विधि सम्बन्धित कारणहरू

- सामान्य असरहरु (उदाहरणका लागि - महिनावारीको रक्तस्राव परिवर्तन र वजन बढ्ने)
- स्वास्थ्य सम्बन्धि चिन्ता (उदाहरणका लागि - बाँझोपन र जन्म दोषहरूको डर)

### सेवाको गुणस्तर

- गुणस्तरीय सेवाको पहुँचमा बाधाहरू, जस्तै सेवा प्रदायकले गर्ने पक्षपात र लामो प्रतिक्षा समय
- किशोर-किशोरी तथा युवालाई असहज हुने समयमा सेवा प्रदान
- गोपनीयता र परामर्श सम्बन्धि समस्याहरु

### युवाले गर्भनिरोधक प्रयोगलाई निरन्तरता नदिनुका नतिजा के हुन सक्छन् ?

- गर्भनिरोधकको प्रयोगमा निरन्तरता नदिंदा अनिच्छित गर्भ रहने सम्भावना उच्च रहन्छ ।
- अनियोजित या अनिच्छित गर्भधारण गर्दा असुरक्षित गर्भपतन र त्यसले निम्त्याउने जोखिमको खतरा पनि उच्च रहन्छ ।
- गर्भनिरोधकको प्रयोगले शिक्षा र रोजगारीमा युवाहरूको पहुँच सुनिश्चित गर्न मद्धत गर्दछ । यसको प्रयोग नगर्दा शिक्षा र रोजगारीका अवसरहरूमा अवरोध सिर्जना हुन्छ ।

## नीति निर्माताहरूले युवाहरू माझ गर्भनिरोधक प्रयोग निरन्तरताका लागि आउने चुनौतीहरु कसरी सम्बोधन गर्न सक्छन् ?

१. हालका परिवार नियोजन साधन प्रयोगकर्ताहरूलाई ध्यानमा राखि उनीहरुका लागि आवश्यक स्रोतहरूको उपलब्धता बढाएर ।

२. युवाको उमेर, वैवाहिक स्थिति अथवा सन्तान संख्याको आधारबिना, र तेस्रो पक्षको सहमतिको आवश्यकता बिना परिवार नियोजनका सम्पूर्ण विधिहरूमा युवाहरूको पहुँच सुनिश्चित गरेर ।

३. युवाहरूको विविध प्रजनन आवश्यकताहरूको पहिचान गर्दै सेवाग्राही-केन्द्रित सेवा प्रदान गरेर ।

४. युवाहरूलाई गुणस्तरिय गर्भनिरोधन परामर्शको प्रवर्द्धन गर्ने सेवा प्रदायन निर्देशिकाहरूको सुनिश्चितता गरेर ।

५. युवाहरूले निजी र अनौपचारिक क्षेत्रमा गर्भनिरोधकहरूको पहुँच गर्न सक्ने वातावरण सुनिश्चित गरेर ।

६. सेवा प्रदायकमाझ अपोइन्टमेन्टहरू बीच फलो-अप संयन्त्रका लागि आवश्यक उपकरण र प्लेटफर्महरूको सुनिश्चितता गरेर ।

७. स्वास्थ्य सेवा प्रदायकहरुले सम्पूर्ण विधिहरूको पूर्ण उपलब्धता सुनिश्चित गर्दै स्व-प्रशासित (Self–Administered) विधिहरूको वितरण वृद्धि गरेर ।

Visible Impact
२१२/४८ धापसी मार्ग, बसुन्धरा
+९७७ ९८४७६९७७९१ | mail.visim@gmail.com
www.visim.org